| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ९ | प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदान | • कोशी प्रदेशमा डेरी उद्योगहरुले किसानले उत्पादन गरेको दुध संकलन, प्रसोधन गरी उत्पादित नौनी, घ्यू तथा धुलो दुध(Whole Milk Powder/ Skimmed Milk Powder) निर्यात गरेको प्रमाण/वील विजकका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।<br>• निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/विजक तथा प्रतितपत्र (Letter of Credit) को प्रतिलिपि र Custom Clearance Form अनिवार्य पेश गर्नुपर्नेछ।<br>• धुलो दुध(WMP/SMP)उत्पादन गर्ने उद्योगको हकमा दुध संकलन वा दुध खरिद गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।<br>• किसान/सहकारीबाट दुध खरिद गरी धुलो दुध उत्पादक उद्योगमा दुध पठाउने डेरी उद्योगको हकमा धुलो दुध उद्योगले प्रमाणित गरेको धुलो दुधको परिमाण खुलेको कागजात पेश गर्नुपर्नेछ।<br>• निर्यातमाप्रोत्साहन अनुदानका लागि यसै प्रदेशमा उत्पादित दुधबाट बनेको नौनी, घ्यू तथा धुलो दुध मात्र योग्य हुनेछ।<br>• नौनी वा घ्यू निकासी गर्ने उद्योगले आफूले उत्पादन गरेको वा खरिद गरेको प्रमाण पेश गर्नुपर्नेछ। प्रमाणको हकमा दुध खरिद गरी भुक्तानी गरेको प्रमाण वा नौनी/घ्यू खरिद गरेको प्रमाण मान्य हुनेछ।<br>• स्वीकृत बजेटको सिमामा रही पहिलो भुक्तानी माग गर्ने योग्य निवेदकलाई पहिलो प्राथमिकता दिई क्रमशः भुक्तानी गरिनेछ । | नौनी, घ्यू र धुलो दुध निर्यातमा क्रमशः प्रति केजी देहाय बमोजिमको प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।<br>१. नौनी रु. ९०/-<br>२. घ्यू रु. १२०/-<br>३. WMP(Whole Milk Powder) रु. ८०/-<br>४. SMP(Skim Milk Power) रु. ७०/- |

सचिव

मुख्यमन्त्री तथा उद्योग, कृषि तथा सहकारी मन्त्री

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • बैंकिङ प्रकृयाबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्नु पर्नेछ। | |

५. **मूल मापदण्डको दफा ४ मा संशोधनः** मूल मापदण्डको दफा ४ को कार्यक्रम नं. ६.७ को "प्राविधिक मापदण्ड" खण्डको दोस्रो बुलेटमा रहेका **"दश वटा"** भन्ने शब्दहरुको सट्टामा **"६ वटा"** भन्ने शब्दहरु राखिएको छ।

६. **मूल मापदण्डको दफा ५ मा संशोधनः** मूल मापदण्डको दफा ५ को कार्यक्रम नं. ८ को "प्राविधिक मापदण्ड" खण्डको पहिलो बुलेटमा रहेका **"कम्तिमा ५००"** भन्ने शब्दहरुको सट्टामा **"न्यूनतम २५०"** भन्ने शब्दहरु राखिएको छ। र दोस्रो बुलेटमा रहेका **"कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ।"** भन्ने शब्दहरु झिकिएको छ।

७. **मूल मापदण्डको परिच्छेद-५ मा संशोधन थपः** मूल मापदण्डको परिच्छेद-५ को दफा १० पछाडी देहायको दफा ११ थप गरिएको छः-

११. **प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदान संचालन प्रकियाः**

- मन्त्रालयले प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदानका लागि सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ। निवेदन पेश गर्ने अवधि मन्त्रालयले सुचनामा तोके बमोजिम हुनेछ।
- निवेदकहरुले घ्यू तथा धुलो दुध निर्यात गरेपश्चात आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।
- मन्त्रालयले दुईजना प्राविधिकहरुलाई जिम्मेवारी तोकी प्राप्त निवेदनको आवश्यकता अनुसार स्थलगत अनुगमन तथा पेश भएका कागजातहरु अध्ययन गरी प्राविधिक मापदण्ड पुरा गरेका निवेदनलाई ऐन बमोजिमको प्रदेशस्तर अनुदान छनोट समितिमा छनोटका लागि सिफारिस गर्नुप पर्नेछ। मन्त्रालयले प्रदेशस्तर अनुदान छनोट समिति मार्फत अन्तिम छनोट गर्नु पर्नेछ।
- यसरी छनोटका लागि पेश गर्दा प्राविधिक मापदण्ड पुरा गरेका पहिला निवेदन पेश गर्नेहरु लाई पहिला प्राथमिकता दिनुपर्नेछ ।

सचिव

**मुख्यमन्त्री** तथा उद्योग, कृ[षि]
तथा सहकारी मन्[त्री]